फोन नं. ०२१:४००००१

राजेश खतिवडा
लेखापाल

# मिक्लाजुङ्ग गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मधुमल्ला, (मोरङ्ग)

१नं. प्रदेश, नेपाल

पत्र सख्या-: ०७५/०७६

चलानी नं-: ४४

मिति :२०७५।०४।०७

सूचना । सूचना ॥ सूचना ॥।

### विषय : आन्तरिक आय संकलनको पुन :ठेक्का व्यवस्था बारेको सूचना ।

प्रस्तुत विषयमा यस मिक्लाजुङ्ग गाउँपालिकाले आगामी आ.ब.२०७५।०७६ मा निम्नानुसार आन्तरिक आय बोलपत्रको माध्ययमबाट बढाबढ गराई उठाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति ,फर्म वा कम्पनीले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ ।

शर्तहरु :

१) बोलपत्रदाता व्यक्ति भए निजको नागरिकताको फोटोकपी र फर्म वा कम्पनि भए आ.व.०७४।०७५ को लागि फर्म,कम्पनी नविकरण गरेको प्रमाण ,कर चुक्ता र स्थायी लेखा नं.दर्ता प्रमाण पत्रको प्रतिलिपी बोलपत्र खरिद गर्ने निवेदन साथ संलग्न राख्नु पर्नेछ ।

२) यो सूचना पुन:प्रकाशन भएको मितिले ३ (तीन)दिन भित्त बोलपत्र खरिद गर्न सकिनेछ भने चौथो दिनको १२ बजे सम्म बोलपत्र दर्ता गर्न सिलबन्दी दर्ता गराउनु पर्नेछ । चौथो दिनको २ :०० बजे बोलपत्रदाताको राहबरमा बोलपत्र खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) बोलपत्र साथ बोलपत्रदाताले न्यूनतम कबोल अंकको ५ (पांच) प्रतिशतले हुन आउने नगदै धरौटी यस कार्यालयको एनएमवि बैक ,मधुमल्ला शाखा,मोरङ्गको धरौटी खाता नं.०६१०९१००५८२१३००००००६ मा जम्मा गरेको सक्कलै भौचर वा क वर्गको बाणिज्य बैकबाट जारी भएको बैक ग्यारेन्टी समावेश गराउनु पर्नेछ ।

४) बोलपत्र फाराम प्रत्येक ठेक्काको अलग अलग खरिद गरि अलग अलग नै दर्ता गराउनु पर्नेछ ।

५) ठेक्का अवधि २०७५ श्रावण देखि २०७६ असार मसान्त सम्मको हुने छ ।

६) स्वीकृत बोलपत्रदाताले एकमुष्ठ रकम गाउँपालिकामा बुझाई सकेपछि वा सो बराबरको बैक ग्यारेन्टी पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । यसरी एकमुष्ठ नगदै रकम बुझाएमा कबोल अंकको दश प्रतिशत सम्म छुट दिन सकिनेछ ।

७) रकम असुली सम्बन्धी सम्पुर्ण प्रशासनिक खर्च ठेकेदार आफैंले व्यवस्था गर्नुपर्नेछ ।

८) ठेक्का स्वीकृत गर्ने ,नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा रहनेछ ।

फोन नं. ०२१:४०००0१

# मिक्लाजुङ्ग गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मधुमल्ला, (मोरङ्ग)

१नं. प्रदेश, नेपाल

राजेश खतिवडा
लेखापाल

पत्र सख्या-:

चलानी नं-:

९) रित नपुगेको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१०) यस सुचनामा नपरेका विषयहरु प्रचलित संघ,प्रदेश र स्थानिय कानुन बमोजिम हुनेछन् ।

तपसिल

| सि.नं. | ठेक्काको नाम | न्युनतम बार्षिक अंक | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | हाटबजार ठेक्का,धोवेन,बैकुण्ठे,आईतबारे,शनिबारे,खोलीटार | ४०,०००।०० | ५००।०० | |
| २ | निकासी शुल्क,मिक्लाजुङ्ग गा.पा. भित्र | ६००,०००।०० | १०००।०० | |